# <u>आदिकवि भानुभक्त आचार्य</u>

सबैजनालाई नमस्कार,

म खगेन्द्र जोशी, आज असाढ २९ गते मंगलबारका दिन पर्नगएको आदिकवि भानुभक्त आचार्यको २०८ औं जन्म जयन्तीका अवसरमा उहाँलाई सम्झदै उहाँको बारेमा केहि शब्दहरु भन्न गईरहेको छुँ । भानुभक्तलाई नेपाली साहित्यमा आदिकवि भनेर चिनिन्छ। उनी वि.सं. १८७१ असाढ २९ गते तनहुँ जिल्लाको चुँदी रम्घा भन्ने ठाउँमा एक साधारण परिवारमा जन्मेका थिए । उनका बुवाको नाम धनन्जय आचार्य र आमाको नाम धर्मावती देवि थियो । उनले आफ्नो शिक्षा घरमा नै बसेर आफ्ना हजुरबुवा श्रीकृष्ण आचार्यबाट प्राप्त गरेका थिए भने उच्च शिक्षा चाँहि भारतको वनारसबाट पूरा गरेका थिए । इतिहास अनुसार उनी एक घाँसीबाट प्रेरित भएका थिए र म पनि केही गर्छु भन्ने प्रेरणाका साथ अघि बढे ।

उनले संस्कृत रामायणलाई सबैले बुझ्ने सरल नेपाली भाँषामा अनुवाद गर्नुका साथै उनले *घाँसी*, *चलचित्र, बालकाण्ड, कान्तिपुरी नगरी* जस्ता कविताहरुको पनि रचना गरेका छन् । उनले जेलमा छँदा आफ्नो रिहाईको माग गर्दै तत्कालीन प्रधानमन्त्रीलाई कविताको रुपमा चिठी पनि पठाएका थिए। उनले लेखेको नेपाली रामायणको एक श्लोक म यहाँ प्रस्तुत गर्न गइरहेको छुँ।

***एक दिन् नारद सत्य लोक् पुगिगया लोक्को गरुँ हित् भनी***

bhanu jayanti

***ब्रह्मा ताँहि थिया पर्या चरणमा खुशी गराया पनि ।***
***क्या सोध्छौ तिमि सोध भन्छु म पनि मर्जी भएथ्यो जसै***
***ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ती गर्या यो तसै ।***

उनले वि. सं. १९२५ मा ५४ बर्षको उमेरमा तनहुँको सेती घाटमा देह त्याग गरेतापनि नेपाली इतिहासमा उनी सँधै अमर रहि रहने छन् ।

धन्यवाद !

